जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक १२ २०८० साल साउन १५ गते सोमबार (31 July 2023 Monday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**




*यस अंक भित्र :* २ पृष्ठमा : मैथिली भाषा सङ्कटमा... ३ पृष्ठमा : अरु देशका केन्द्रीय बैंकले ... ३ पृष्ठमाअफ्रिकी नेताद्वारा नाइजरमाथि...

## लम्पी स्किन रोगबाट सप्तरीमा एक हजार भन्दा बढी पशुको मृत्यु, २५ हजार भन्दा बढी बिरामी






**दैनिक समाचारदाता राजविराज, १४ साउन ।**
लम्पी स्किन रोगबाट सप्तरीमा एक हजार भन्दा बढी पशुको मृत्यु भएको छ भने २५ हजार भन्दा बढी बिरामी परेका छन् ।

नेपाल पारा भेटेरिनरी एण्ड लाइभस्टक एशोसिएशन सप्तरीले जिल्ला भर पशुमा देखिएको लम्पी स्किन रोग भयावह बन्दै गएकाले यस महामारीको अवस्थालाई मध्यनजर गर्दै संकटकाल घोषणा माग गरेको छ । त्यस्तै रोग नियन्त्रण र उपचारका लागि पर्याप्त मात्रमा पशु चिकित्सक तथा औषधी व्यवस्था गर्न माग पनि गरेको छ ।

एशोसिएशनले आइतबार प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाउँदै लम्पी स्किन रोग नियन्त्रण तथा राहत व्यवस्थापन जस्ता विषयहरु ठोस रुपमा सम्बोधन नभएमा विभिन्न बिरोधका कार्यक्रमहरु संचालन गर्न बाध्य हुने समेत जनाएको छ ।

एशोसिएशनका जिल्ला अध्यक्ष पाण्डेकुमार मेहता तथा मधेश प्रदेश संयोजक परमेश्वर यादवको अगुवाईमा प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापामार्फत बुझाइएको ज्ञापनपत्रमा लम्पी स्किन रोगका कारण जिल्ला भरका पशुपालक किसान मारमा परेको तथा पशुमा क्षति पुगेका किसानलाई राहत, क्षतिपूर्ती, पशु बिमाको भुक्तानी दिन माग पनि गरेको छ ।

एशोसिएशनका मधेश प्रदेश संयोजक परमेश्वर यादवका अनुसार केही दिनयता फैलिएको उक्त रोगबाट जिल्लामा आइतबारसम्ममा १ हजार ५१ पशु मरिसकेका छन् । यस्तै सो रोगबाट कुनै गाउँ अछुतो नरहेको तथा २५ हजार भन्दा बढी पशु बिरामी परेको उनको भनाई छ ।

लम्पी स्किन रोग जिल्लाको १८ वटै पालिकामा माहामारीको रुपमा फैलिएको एशोसिएसनका जिल्ला अध्यक्ष पाण्डेकुमार मेहताले बताए । उनले स्थानिय बजारमा उक्त रोगको औषधीको चरम अभाव हुँदा पशुपालक आर्थिक रुपमा समेत प्रभावित बन्न पुगेको बताए ।

लम्पी स्किन रोग लागेका पशुहरुको शरीरभरी दाग र गिर्खा जस्तो देखिने र त्यसपश्चात् भित्रि भागमा फैलिदै पशुहरु मर्ने गरेको उनको भनाई छ । उनले निकै क्षति हुन थालेपछि तथा खोपको व्यवस्था मिलाउन माग गर्दै प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाइएको जनाएका छन् ।

यस रोगबाट दुध उत्पादन ८० प्रतिशत सम्मले घटेको, पशुमा गर्भ तुहिने र प्रजनन्मा समस्या देखिएको तथा पशुपालक ठूलो आर्थिक मारमा परेको ज्ञापनपत्रमा उल्लेख गरिएको छ । नियन्त्रणका लागि स्थानीयस्तरबाट गरिएका प्रयास पर्याप्त नभएको भन्दै ज्ञापनपत्रमार्फत अविलम्ब संघीय सरकारबाट ठोस पहल हुनुपर्ने माग गरिएको छ ।

## लम्पी स्किन रोग नियन्त्रण गर्न तीन दिनभित्र कार्ययोजना बनाउने निर्णय

**दैनिक समाचारदाता राजविराज, १४ साउन ।**
देशभरि फैलिएको लम्पी स्किन रोग नियन्त्रण गर्न सरकारले तीन दिनभित्र कार्ययोजना बनाउने निर्णय गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा आइतबार बसेको केन्द्रीय अनुगमन समितिको बैठकले तीन तहको सरकारको समन्वयमा निजी क्षेत्रलाई समेत साथ लिएर कार्ययोजना बनाउने निर्णय गरेको अनलाइन खबर डटकमले जनाएको छ ।

कृषि, पशुपंक्षी विकास मन्त्रालयका एक अधिकारीका अनुसार लम्पी स्किन रोगविरुद्धको खोप व्यवस्थापनलाई उच्च प्राथमिकता दिने निर्णय पनि केन्द्रीय अनुगमन समितिले गरेको छ । यस्तो कामको नेतृत्व कृषि मन्त्रालयले गर्ने भएको छ ।

लम्पीको संक्रमणका कारण बाच्छाबाच्छी, दुहुनो र सुत्केरी अवस्थाका पशुहरु मर्ने क्रम रोकिएको छैन ।

लम्पी स्किन रोग पहिलो पटक सन् १९२९ मा अफ्रिकी मुलुक जाम्बियामा देखिएको थियो । त्यसपछि यो रोग अन्य देशमा विस्तार भएको थियो । पशु सेवा विभागका अनुसार नेपालको मोरङ जिल्लामा २०७७ सालको साउन २२ गते पहिलो पटक लम्पी स्किन रोग पुष्टि भएको थियो । अहिले यो रोगले महामारीको रूप लिएको छ ।

गाईभैंसीमा लाग्ने लामखुट्टे, किर्ना, झिंगा लगायतको टोकाइबाट र पशु उपचार गर्ने क्रममा एउटै सुईको प्रयोगबाट पनि यो रोग सर्ने पशु चिकित्सकहरु बताउँछन् । लम्पी स्किन रोगबाट सङ्क्रमित गाईभैंसीको दूध घट्ने, छालामा साह्रा गाँठागुठी देखिने, नाक र मुखमा घाउ आउने, उच्च ज्वरो आउने तथा आँखा र नाकबाट तरल पदार्थ बगिरहने गर्दछ । समयमै उपचार नपाए पशुहरूको मृत्यु हुन्छ । लम्पी स्किन पशुबाट मान्छेमा सरेको पुष्टि अहिलेसम्म भएको छैन ।

## दुर्घटनामा घाइते भएका बिजुलीको उपचारका क्रममा मृत्यु

**दैनिक समाचारदाता राजविराज, १४ साउन ।**
मोटरसाइकल दुर्घटनामा परि घाइते भएका एक व्यक्तिको उपचारका क्रममा तीन सातापछि शनिबार मृत्यु भएको छ ।

मृत्यु हुनेमा स.४प.९४८६ नं.को मोटरसाइकल चालक सप्तरीको बोदेबर्साईन नगरपालिका ९ देउरी टोल बस्ने ५५ वर्षिय बिजुली प्रसाद यादव रहेको प्रहरीले जनाएको छ । उनको लागि कोशी अञ्चल अस्पताल बिराटनगरमा उपचारका क्रममा मृत्यु भएको हो ।

गत असार २१ गते जिल्लाको बोदेबर्साईन नगरपालिका वडा नं. ५ स्थित हुलाकी सडक खण्डमा पूर्वबाट पश्चिमतर्फ जादै गरेको स.४प.९४८६ नं.को मोटरसाइकललाई दक्षिणबाट उत्तरतर्फ टर्निङ गरीरहेको अवस्थामा सोही दिशाबाट आउदै गरेको म.प्र.०१-००४प.४८९२ नं को मोटरसाइकलले ठक्कर दिएको थियो ।

सो दुर्घटनामा बिजुली प्रसाद यादव घाइते भएका थिए भने म.प्र.०१-००४प.४८९२ नं को मोटरसाइकल चालक बोदेवर्साइन नगरपालिका ३ मधुवन टोल बस्ने १९ वर्षिय राजेश कुमार यादव र सोहि मोटरसाइकल पछाडि सवार स्थानीय २६ वर्षिय पवन कुमार यादव सामान्य घाइते भएको थिए ।

यता प्रहरीले म.प्र.०१-००४प.४८९२ नं को मोटरसाइकल चालक राजेश कुमार यादवलाई नियन्त्रणमा लिई साउन ११ गते जिल्ला अदालतबाट म्यादथप गराई अनुसन्धान कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## भन्सार छलेर ल्याउँदै गरेको रजनीगन्धा र मस्तबा नियन्त्रणमा

**दैनिक समाचारदाता राजविराज, १४ साउन ।**
राजबिराज वडा नं. ७ स्थित हुलाकी राजमार्ग सडक खण्डमा शनिबार प्रहरीले भन्सार छलेर ल्याउँदै गरेको सूर्तीजन्य पदार्थ नियन्त्रणमा लिएको छ ।

प्रदेश प्रहरी कार्यालय जनकपुरधाम धनुषा र वडा प्रहरी कार्यालय राजबिराजबाट खटिएको संयुक्त टोलीले प्रदेश ०२-०१-००३प.६५८२ न.को मोटरसाइकलमा ल्याउदै गरेको १ सय १८ पैकेट राजनिगंधा र मस्ताबा नाम गरेको सूर्तीजन्य पदार्थ नियन्त्रणमा लिएको हो ।

नियन्त्रणमा लिइएको मोटरसाइकलसहित सूर्तीजन्य पदार्थको अन्दाजी मुल्य २ लाख ३ हजार ७ सय ५० रहेकोले आवश्यक कार्वाहीका लागी राजबिराज भन्सार कार्यालय तिलाठी सप्तरीमा बुझाईएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

**विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर**

विद्युतीय उपकरण(मोबाइल, ट्याब, ल्यापटप आदि)को अधिक प्रयोगले:
- बालबालिकाको आँखाको ज्योति बिग्रने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा समेत ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने,
- झिज्याहट हुने,
- साथीहरुसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्त सञ्चारमा प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारिरीक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले

बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोग गर्न नदिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### दुर्घटना हुनबाट सचेत रहौं

दुर्घटना भनेको भवितब्य हो । यो जानी जानी कसैबाट हुँदैन् र गर्नु पनि हुन्न् । दुर्घटना सवारीसाधनबाट मात्र नभइकन अन्य कुनै माध्यमबाट पनि हुन सक्छ । तर हामी झट् दुर्घटना भन्ने बित्तिकै सवारीसाधनबाट हुने बुझ्छौं । हाम्रो मनमस्तिष्कमा दुर्घटना भन्ने बित्तिकै दुईवटा सवारीसाधन ठोकिनु बसेको छ । अहिले दुर्घटनालाई न्युनिकरणका लागि प्रहरी प्रशासन लागिपरेको छ । तर जबसम्म हामी आफै सचेत रहदैनौं तबसम्म दुर्घटनाबाट बच्न सक्दैनौं ।

सप्तरी जिल्लामा दिनहुँ जसो दुर्घटना भइरहेको छ । दुर्घटनामा दुई पाङग्रे सवारी (मोटरसाइकल) बढी दुर्घटना हुने गरेको तथ्याङ्क छ । यसरी सवारी दुर्घटनालाई न्यूनिकरण गर्नका लागि प्रहरीले विभिन्न सचेतनामूलक कार्यक्रमदेखी सवारी चालकलाई चेतना समेत दिदै आएपनि खासै प्रभावकारी हुन सकिरहेको छैन् । यस्तै लामो तथा छोटो दुरीका सवारी चालकलाई समय समयमा दुर्घटना न्युनिकरणका लागि जनचेतना दिएको पाइन्छ । १८ देखी ३५ वर्षसम्मका नवयूवकहरु दुर्घटनामा बढी ज्यान गुमाउने गरेको प्रहरी तथ्याङ्कले देखाएको छ । मोटरसाइकल दुर्घटना हुने प्रमुख कारण गति अनियन्त्रित हुनु हो । यसका लागि स्वयम यूवाहरुले आफैले गति नियन्त्रण गर्नुपर्दछ । तर, त्यस्तो गरिएको पाइन्न् ।

तसर्थ गति बढाएर दुर्घटनालाई निम्त्याउनु भन्दा सवारीसाधनलाई बिस्तारै चलाएर आफ्नो गन्तव्यतर्फ जान सबैले ध्यान दिनु उत्तिकै जरुरी छ भने अभिभावक तथा सरोकारवाला निकायले समेत बालबालिकालाई यसप्रति सचेत गराउन उत्तिकै जरुरी छ ।

# मैथिली भाषा सङ्कटमा

**हिमांशु चौधरी**

काठमाडौँ, १४ साउन (रासस) ।

समग्रमा नेपालभित्र बोलिने भाषाहरूमध्ये मातृभाषाका रूपमा दोस्रो र प्रदेश नं २ मा पहिलो स्थानमा रहेको मैथिली भाषा रहे पनि मगही, हिन्दी र मधेसी भाषाको चर्चा परिचर्चाले प्रदेशमा मैथिली भाषालाई कामकाजको भाषा निर्धारण सन्दर्भ ओझेलमा छ । भाषा आयोगले स्पष्टरुपमा प्रदेशमा मैथिली भाषाको अग्रता उल्लेख गरे पनि सम्पर्क भाषाको प्रसङ्गले मैथिली भाषाको भविष्यमाथि नै प्रश्न उब्जेको छ ।

सम्पर्क भाषामा हिन्दी तथा मातृभाषामा मगही भाषाको प्रश्रयको बहसले गर्दा मैथिली भाषाको भविष्यबारे चिन्तन मनन् हुन थालेको छ । हुन त विश्व प्रसिद्ध सन्दर्भग्रन्थ साउथ एशियन एण्ड द मिडिल इष्टमा सङ्कटापन्न भाषाको सूचीमा मैथिली भाषाको उल्लेख नभएका कारण तत्काल यो भाषा सुरक्षित रहेको सन्तोष गर्न सकिन्छ । त्यस ग्रन्थमा नेपालको तीन भाषा नेपाली, मैथिली र भोजपुरीलाई सुरक्षित भएको उल्लेख छ । तर सुक्ष्म विश्लेषणले सन्तोष लिने अवस्था सम्भवतः भविष्यमा विद्यमान नरहने सङ्केत पनि दिइरहेको छ । कतिपयले मैथिली भाषाको मृत्यु हुने कारक तत्व पनि उल्लेख गर्न थालेका छन् ।

इतिहासको कालखण्डमा मैथिली भाषा मिथिला क्षेत्रमा मात्र सीमित नरहेर काठमाडौं उपत्यका र पाल्पासम्म आफ्नो प्रभाव कायम गरेको पाइन्छ । साहित्य क्षेत्रमा समेत विशिष्ट स्थान ओगटेको यस भाषाको आफ्नै लिपि पनि रहेको छ । सेन राजाहरूले समेत मैथिली भाषालाई राजभाषा बनाएको पाइन्छ । नेपालको पुरातन गरिमालाई सम्झाउने मैथिली भाषाका साहित्य, संस्कृति, कलाको समुन्नत स्थिति, भाषाको माधुर्य, अभिव्यक्तिको सौन्दर्य एवं लचिलोपनले गर्दा काठमाडौं उपत्यकाभित्रका मल्ल राजाहरूले पनि नाटक, काव्य तथा गीत रचनामा मैथिलीलाई प्रशस्त माध्यम बनाएको अनुसन्धानबाट पुष्टि हुन्छ ।

मिथिला क्षेत्रको भाषा मैथिली हो । प्राचीन मिथिलाको मातृभाषा मैथिली रहेको दाबी विद्वानहरूको छ । वाल्मीकी रामायणको सुन्दरकाण्डको श्लोक १८ मा उल्लेख गरिएअनुसार रावणले सीतालाई हरण गरी अशोक बाटिकामा राखेको बेला हनुमानले सीतासँग मैथिली मातृभाषामा संवाद गरेका थिए । संस्कृत भाषामा कुरा गरेमा रावणका गणहरूले सरल ढङ्गले ब्झ्ने भएकाले एक आपसमा बुझिने भाषाको प्रयोग गर्नु बाध्यता रहेको थियो ।

डा. दुर्गानन्द झाद्वारा लिखित मैथिली साहित्य साहित्यको इतिहास नामक पुस्तकअनुसार मिथिलाको अस्तित्व वेदकालदेखि नै रहेको छ । वेद, पुराण, उपनिषद, मीमांशामा वर्णित वातावरण, वनस्पति, जीवजन्तु, मिथिलासङ्ग मेल खान्छन् । जनक वंशको उदयपछि विधिवत रूपमा मिथिला राज्यको स्थापना भएको थियो र जसको राजधानी जनकपुरधाम रहेको थियो ।

इतिहासकारहरूले जनक वंशको कार्यकाल इसापूर्व ३००० देखि ६०० सम्म उल्लेख गरेका छन् । यस बीचमै सीताको जन्म भएको थियो । कोशी, कमला, बाग्मती ,गण्डकी तथा गङ्गाजस्ता नदीहरूको मध्यमा रहेको यस भूमिलाई तीरभूक्ति अर्थात् तीनतिरबाट घेरिएको भनिन्छ । आठौं शताब्दीमा लिखित सिद्ध ग्रन्थ मैथिली भाषामा रहेको छ । त्यस बेलाका डाक, भास, भुसुप्पालगायत सिद्ध कविका दोहा तथा गान अहिले पनि उपलब्ध छ । यी स्रष्टाका अधिकांश रचना नेपालका तराई भूमिमा प्राप्त भएको छ । भारोपेली भाषा समूहको भाषामध्ये सबैभन्दा प्राचीन ग्रन्थ ज्योतिश्वरको धुत समागम मैथिली भाषामा उपलब्ध छ । भाषाविद् डा. रामावतार यादवका अनुसार राष्ट्रिय अभिलेखालयमा सन् ९०० देखि १८औँ शताब्दीभित्र लेखिएको नाटकको १५० पाण्डुलिपि रहेकोमध्ये मैथिलीमा ११५, नेवारीमा २६ र बङ्गालीमा पाँच वटा रहेका छन् । अहिलेसम्म पुष्टिको आधारमा भारतीय आर्य समुदायका २८ भाषामध्ये मराठीपछि मैथिली नै पुरानो रहेको छ ।

उन्नाइसौँ शताब्दीमा जर्ज अब्राहम गियर्सनद्वारा गरिएको सर्वेक्षणमा तराई र विहारको अधिकांश क्षेत्रमा मैथिलीको स्वतन्त्र साहित्यिक परम्परा रहेको उल्लेख गरिएको छ । इतिहासकार डा. तुलसीराम वैद्यद्वारा सिम्रोनगढमा गरिएको अनुसन्धानबाट कर्णाटवंशीय राजाहरूको शासनकालमा मैथिली भाषालाई राजकीय संरक्षण प्राप्त भएको देखिन्छ । चौधौँ शताब्दीको पूर्वार्द्धदेखि नै कान्तिपुर, ललितपुर, भक्तपुर, बनेपालगायतका स्थानमा व्यापक प्रभाव थियो । इतिहास शिरोमणि बाबुराम आचार्यका अनुसार सेन राजाहरूको कामकाज मैथिली भाषामा हुन्थ्यो ।

चौधौँ शताब्दीमा मैथिलीका महाकवि विद्यापतिको जन्म भइसकेको थियो । सन् १३४० को वरिपरि जन्मेका विद्यापतिले एक दर्जनभन्दा अधिक गद्य पद्यको रचना गरेका थिए । विद्यापतिलाई रवीन्द्रनाथ टैगोरले समेत काव्य गुरू स्वीकार गरेका छन् । विद्यापति जनकपुरधामकै नजिक बनौली गाउँमा वास बसेको बेला भगवत गीताको मैथिली अनुवाद र आधा दर्जन पुस्तक लेखेको प्रमाणिक आधारहरू विद्यमान छ ।

पृथ्वीनारायण शाहले उपत्यकामाथि विजय गर्नुअघि त्यहाँको कामकाजको भाषा मैथिली रहेको पाइन्छ । मल्ल राजाहरू मैथिलीमा बोल्थे, साहित्य पनि गर्थे । पृथ्वीनारायणले मैथिली भाषा-संस्कृतिमाथि रोक लगाएर नेपालीलाई कामकाजको मान्यता दिएको देखिन्छ । पछि राजा महेन्द्रले ‘एउटै राजा एउटै देश, एउटै भाषा एउटै भेष’ नीतिको नाममा मैथिली भाषा-संस्कृतिमाथि प्रहार गरी पहिचानलाई समाप्त गर्ने पडयन्त्र गरिएको अध्याय इतिहासमा पाइन्छ ।

यस अवस्थामा इतिहास, व्यवहार र वैज्ञानिक सिद्ध आधारमा समृद्ध मैथिली भाषाको अस्तित्व नै सङकट पार्ने विरूद्धको भाषिक आन्दोलनलाई अतिक्रमणको मारबाट बचाउने अभियानका रूपमा लिनु जरूरी देखिएको छ । किनकी भाषाको सम्बन्ध संस्कृति, सभ्यता, स्वाभिमान र पहिचानसँग गाँसिएको छ । विगतका शाहकालका शासकले सत्ता, हैकम, राजनीति कायम गर्न मैथिली भाषाप्रति गरेको प्रहारका कारण मैथिली भाषा आफ्नो पुरानो अस्तित्वको खोजमा रहेको छ । आफ्नो लिपि छ, स्रष्टा छन् तर उपेक्षित छन् ।

हुन त मैथिली भाषाले मैथिली भाषाभाषीलाई जातीय व्यक्तित्व र पहिचान मात्र प्रदान गरेको छैन, राष्ट्रको साहित्य र संस्कृतिलाई समृद्ध तुल्याएको तथ्य छ । नेपाली भाषामा मैथिली भाषाको गहिरो छाप छ । मैथिल क्षेत्रका स्थान नाम, वनस्पति, खानपान, रहनसहन र दैनिक व्यवहारमा प्रचलित स्थानीय उपकरण बुझाउने जस्ता शब्दहरु नेपाली भाषामा पाइन्छ । तापनि शासक वर्गको बक्रदृष्टिको शिकार भई मैथिली भाषीको सङ्ख्या घटदै जानुले भाषाको भविष्यमाथि गम्भीर चुनौती देखिन्छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा बोलिने १२४ वटा मातृभाषामा नेपाली ४४.८६ प्रतिशत, मैथिली ११.०५ प्रतिशत, भोजपुरी ६.२४ प्रतिशत, थारु ५.८८ प्रतिशत, तामाङ ४.८८ प्रतिशत, बज्जिका ३.८९ प्रतिशत, अवधि २.६६ प्रतिशत, नेवारी २.९६ प्रतिशत, मगर धुत २.७८ प्रतिशत र डोटेली १.७ प्रतिशत देखिएको छ । यसमा मैथिली भाषीको सङ्ख्यामा क्षय भएको देखिएको छ । मूलभूत रुपमा भाषाका क्षयका कारकमा मातृभाषालाई परित्याग गरी अन्य प्रभुत्वशाली भाषालाई वरण गर्नु पनि मैथिलीका लागि चिन्तनीय पक्ष देखिन्छ । यसका साथै मैथिली भाषीको अवसरलाई सीमित अगुवा भनिनेले गरिरहेका गतिविधिप्रतिको आक्रोशले पनि मैथिली भाषीको क्षयको क्रमलाई मलजल दिइरहेको छ । स्थानीय तहमा पनि त्यही प्रवृत्तिले मैथिलीप्रति कुनै खास जातिको भनी यही भाषालाई ठेठी र अन्य भाषा नामाकरण गरी जनगणनामा मैथिली मातृभाषा नलेखाएको कटु सत्यलाई नकार्न सकिदैन ।

संस्कृति भन्नाले भाषाको प्रयोग, जीविकोपार्जन, शासन व्यवस्था, एक पुस्ताले अर्को पुस्तालाई छाड्दै गएको उपलब्धिलाई जनाउँछ । हिमालका शिखरदेखि लिएर तराई मधेशका विशाल फाँटसम्म बग्ने नदी सप्तकोशी, सप्तगण्डकी र सप्तकर्णालीका किनारामा बेलाबेलामा विकसित संस्कृतिको समष्टि रुप नै नेपाली संस्कृति हो । कोशी र गण्डकीको बीचको मिथिला संस्कृतिको आफ्नो महत्व छ । यहाँको बृहत् अरण्यलाई गङ्गापारबाट आउने आग्नेय जाति र अग्नि लिएर सदानीरा (गण्डकी) पारबाट आउने आर्य जातिले आवाद गुल्जार गरे । जनसंस्कृति र कृषि संस्कृतिको सारमन्थनबाट नै मिथिला संस्कृतिको जन्म भयो । ज्ञान, कर्म र शील नै यसको सारसिद्ध छ । यसैअन्तर्गत वंशगत शिल्प, वस्तु, धारणा, प्रक्रिया, अभ्यास तथा मूल्यहरू समावेश रहेको हुन्छ । त्यसैले संस्कृतिलाई जिन्दगीको तरिका र सभ्यताको परिचायक मानिएको छ ।

यसअन्तर्गत हामी जे गर्छौं त्यसमा हाम्रै संस्कृतिको झलक हुन्छ । मैथिल संस्कृतिको सरसता, समरसता एवं संवेदनशीलताप्रतिको जागरणका अर्थमा ग्रहण गर्नु पर्दछ । वर्तमानमा सङ्घ र प्रदेश सरकारको उपेक्षाको प्रसङ्ग मैथिली भाषाको क्षय एउटा पक्ष छ भने अधिकांश मैथिलीभाषी युवा मैथिलीको अर्धवक्ता हुनु, शिक्षकद्वारा शिक्षार्थीलाई तथाकथित अवस्तरीय, अमानक मैथिली भाषिकाको प्रयोगलाई निरुत्साहित गर्दै मैथिलीलाई स्पष्ट रुपमा अशुद्ध, ठेठ, गवार आदिले पक्षपातपूर्ण विशेषण, सामाजिक, राजनीतिक, सांस्कृतिक, मनोवैज्ञानिक परिवेशका कारण अभिभावकद्वारा बालबालिकालाई विकासको निहुँमा मातृभाषाबाट विमुख गर्नुले पनि क्षयको कारक मान्न सकिन्छ । अतः मैथिली भाषाभाषी आफ्नो भाषाप्रति अगाध श्रद्धा प्रदर्शन, विद्यालयी शिक्षामा मैथिली भाषाको प्रवेश, चयन र प्रयोग, बृहत् भाषा योजना, मैथिली भाषाभाषी क्षेत्रको समाजशास्त्रीय सर्वेक्षण आवश्यक छ । *(लेखक पत्रकार एवं मैथिली भाषा, साहित्यका अध्यता हुनुहुन्छ)*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# अरु देशका केन्द्रीय बैंकले कडा नीति लिइरहँदा हामीले लचिलो मौद्रिक नीति ल्यायौं : गभर्नर अधिकारी

काठमाडौँ, १४ साउन (रासस) ।

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले अर्थतन्त्रको समग्र स्थितिको स्पष्ट आत्मसमीक्षासहित चालु आर्थिक वर्षको मौद्रिक नीति आएको बताउनुभएको छ । विश्वका अधिकांश देशका केन्द्रीय बैंकले कडा खालका नीति लिइरहँदा नेपाल राष्ट्र बैंकले भने नीतिगत दर घटाएर ललिलो नीति लिएको उहाँले बताउनुभयो । आइबिएन मिडियाले आइतबार काठमाडौँमा आयोजना गरेको मौद्रिक नीतिपछिको छलफल कार्यक्रममा गभर्नर अधिकारीले लचिलो आर्थिक नीति लिनुका पछाडि तर्कसङ्गत आधार रहेको पनि स्पष्ट पार्नुभयो ।

"सात प्रतिशतको नीतिगत दरलाई साढे छ प्रतिशत बनाइएको छ । यस्तो लचिलो नीति लिनुका पछाडि केही आधार छन् । अहिले बाह्य क्षेत्रमा सहज भएको छ । वर्षान्तमा तरलता पनि सहज देखिपछि राष्ट्र बैंकले नीतिगत दर घटाएको हो", गभर्नर अधिकारीले भन्नुभयो, "घरजग्गा क्षेत्रमा गिरेको मनोबललाई उकास्न पनि मौद्रिक नीतिले केही व्यवस्था गरेकोछ ।"

त्यस्तै चालु आर्थिक वर्षका लागि मौद्रिक नीतिमार्फत राखिएको बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ जाने कर्जाको वृद्धिदर ११ दशमलव पाँच प्रतिशत, छ प्रतिशतको आर्थिक वृद्धिदर र साढे छ प्रतिशतको वाञ्छित सीमाभित्र राख्नेगरी तय भएको मूल्यवृद्धिको लक्ष्य प्राप्त गर्नेगरी मौद्रिक नीति आएको उहाँको भनाइ थियो ।

चालु आर्थिक वर्षका लागि रू पाँच खर्ब ६२ अर्ब बराबरको कर्जा प्रवाह हुने लक्ष्य राखिएको र यो महत्वाकाङ्क्षी नभई मौद्रिक सूचकहरुको विश्लेषणबाट तय गरिएको गभर्नर अधिकारीले बताउनुभयो ।

"चालु आर्थिक वर्षमा निजी क्षेत्रतर्फको कर्जा विस्तारको दर साढे ११ प्रतिशतले बढेर रू पाँच खर्ब ६२ अर्ब बराबर रहने भनिएको र यो प्राविधिकरुपमा हिसाब गरेरै ल्याइएको हो । त्यो हासिल हुनेमा हामी आशावादी छौँ", उहाँले भन्नुभयो, "तरलतामा आएको सुधार, घट्दो ब्याजदर, विप्रेषण आप्रवाहको स्थिति, सरकारी बजेट खर्चको अवस्था सुधार्नका लागि ल्याइएका कार्यक्रमलगायत विषय हेरेर यसवर्षको कर्जाको वृद्धिदरको प्रक्षेपण गरिएको हो ।"

गत आर्थिक वर्षमा निजी क्षेत्रतर्फ जाने कर्जाको वृद्धिदर १२ दशमलव छ प्रतिशतसम्म रहने प्रक्षेपण गरिएकामा यस्तो वृद्धिदर तीन प्रतिशतमा मात्रै सीमित भएको थियो । सरकारले अपेक्षितरुपमा पुँजीगत खर्च गर्न नसक्नु, आर्थिक वृद्धिदर न्यून रहनु र तरलतामा आएको सङ्कुचनका कारण गत वर्ष कर्जा विस्तार न्यून देखिएको राष्ट्र बैंकले बताउँदै आएको छ ।

सोही कार्यक्रममा सुदूरपश्चिम प्रदेश सरकारका पूर्वआर्थिक मामिलामन्त्री झपट बोहोराले बैंक तथा वित्तीय संस्था स्वनियमनमा बस्नुपर्नेमा जोड दिनुभयो । विद्यमान अवस्थाको सही आँकलन र सुधारका उपयुक्त उपकरणहरुसहित चालु आर्थिक वर्षको मौद्रिक नीति आएको पनि उहाँको भनाइ थियो । त्यस्तै अहिले बैंक तथा वित्तीय संस्थाले आयात र व्यापारका लागि कर्जा बिस्तार बढी गरेकाले सबै प्रदेशमा पूर्वाधार विकास बैंक खोलिनुपर्ने पूर्वमन्त्री बोहोराले जोड दिनुभयो । "बैंकहरुले एलसी र घरजग्गामा मात्रै लगानी गर्न थालेपछि पूर्वाधार निर्माणमा मात्रै केन्द्रित हुनेगरी सबै प्रदेशमा पूर्वाधार बैंक (इन्फ्रास्ट्रक्चर बैंक) बैंक ल्याउने नीति लिन आवश्यक छ ।" उहाँले भन्नुभयो ।

नेपाल बैंकर्स सङ्घका अध्यक्ष सुनील केसीले चालू आर्थिक वर्षका लागि रू पाँच खर्ब ६२ अर्ब बराबरको कर्जा विस्तार उत्पादनशील र साना तथा मझौला उद्योगमा लैजानसके त्यसले अर्थतन्त्रको सुधारमा योगदान पुऱ्याउने बताउनुभयो । ब्याजदर करिडोरलाई प्रभावकारी बनाउन ब्याजदरको तल्लो सीमामा स्थायी निक्षेप सङ्कलन सुविधा उपलब्ध गराउने गरी ल्याइएको नयाँ व्यवस्था सकारात्मक रहेको उहाँको भनाइ थियो ।

त्यस्तै बैंकिङ क्षेत्रको सम्पत्तिको गुणस्तर मूल्याङ्कन गर्ने, कर्जा जोखिम न्यूनीकरण गर्ने र समष्टिगत आर्थिक उत्तारचढावका कारण वित्तीय क्षेत्रमा आउन सक्ने दबाब आँकलन गर्न माइक्रो स्ट्रेस टेस्टिङ फ्रेमवर्क ल्याउने गरी मौद्रिक नीतिको व्यवस्था पनि सकारात्मक रहेको अध्यक्ष केसीले बताउनुभयो ।

"स्थायी निक्षेप सङ्कलन सुविधा, माइक्रो स्ट्रेस टेस्टिङ फ्रेमवर्क ल्याउने विषय, राष्ट्रिय परिचयपत्र (नेसनल आईडी) लाई केन्द्रीय ग्राहक पहिचान (सेन्ट्रलाइज्ड केवाइसी) प्रणालीमा आबद्ध हुनेगरी केन्द्रीय ग्राहक पहिचान प्रणाली विकास गर्नेलगायत महत्वपूर्ण व्यवस्था मौद्रिक नीतिमा आएका छन्", उहाँले भन्नुभयो ।

पूर्वबैंकर अनलराज भट्टराईले आगामी आर्थिक वर्षका लागि राखिएको साढे ११ प्रतिशतको कर्जा वृद्धिदर महत्वाकाङ्क्षी रहेको बताउनुभयो । गत आर्थिक वर्षमा तीन प्रतिशतमा खुम्चिएको कर्जाको विस्तार चालू वर्षमा साढे ११ प्रतिशत पुग्ने लक्ष्य राखिनु महत्वाकाङ्क्षी रहेको उहाँको भनाइ थियो ।

"चालु आर्थिक वर्षमा कर्जाको वृद्धिदर पाँच दशमलव ९१ प्रतिशतभन्दा माथि जानसक्ने देखिँदैन । अहिलेको तरलताको अवस्थाले नै त्यो भ्याउँदैन । राष्ट्र बैंकले मौद्रिक नीतिमा राखेको लक्ष्य निकै महत्वाकाङ्क्षी मान्न सकिन्छ", पूर्वबैंकर भट्टराईले भन्नुभयो । चालू आर्थिक वर्षका लागि सरकारले राखेको आर्थिक वृद्धिदरको लक्ष्य हासिल हुनेमा पनि शङ्का देखिएको उहाँको भनाइ थियो ।

नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक प्रकाश श्रेष्ठले कर्जा विस्तारको लक्ष्य प्राप्त गर्न सरकारको पुँजीगत खर्च बढाएर त्यसलाई बजार चलायमन बनाउनुपर्ने बताउनुभयो । "कर्जाको वृद्धिदर नमिल्दो हुन्छ भन्ने लागेको छ । तर हामीले आशाबादी (अप्टिमिस्टिक) भएरै यो दर राखेका हौं", उहाँले भन्नुभयो, "कर्जाको यो वृद्धिदर हासिल गर्न श्रोत पुग्दैन कि भन्ने लागेको छ  तर सरकारले आफ्नो पुँजीगत खर्च लक्ष्यअनुसार नै गर्छ र त्यसले बजार चलायमान गराएर कर्जाको माग बढाउन सक्छ भन्ने विश्वास राष्ट्र बैंकले लिएको छ ।" कोभिड- १९ महामारीका कारण सुस्ताएको अर्थतन्त्रको पुनरुत्थानका लागि त्योबेला राष्ट्र बैंकले लिएको लचिलो नीति नीति लिएका कारण त्यसको असर अर्थतन्त्रका अन्य सूचक र क्षेत्रमा देखिएको कार्यकारी निर्देशक श्रेष्ठले उल्लेख गर्नुभयो । आन्तरिक अर्थतन्त्र र उत्पादनका क्षेत्रमा कर्जा लगानी हुनसके थप कर्जा विस्तार हुने ठाउँ रहने तर वस्तु आयातका लागि कर्जा जाने हो भने त्यसले थप समस्या निम्त्याउने पनि उहाँले बताउनुभयो ।

अर्थविद् विश्वास गौचनले पछिल्ला वर्षमा निजी क्षेत्रमा कर्जा प्रवाह बढ्दै गएपनि अर्थतन्त्रमा त्यसको नतिजा देखिन नसकेको बताउनुभयो । "कर्जा र घरजग्गाजस्ता अनुत्पादक क्षेत्रमा कर्जा बढाएर भएन । अहिले आयात केही घटेकामा आन्तरिक उत्पादन बढेर होइन, समग्र मागको सङ्कुचनले हो । उत्पादनशील क्षेत्रमा कर्जा बढ्नसके मात्र यसको नतिजा अर्थतन्त्रमा देखिन्छ", उहाँले भन्नुभयो ।

अर्थविद् कल्पना खनालले कर्जाको विस्तार केन्द्रिकृत रहेको र ठूला व्यवसायीले धेरै कर्जा चलाइरहेकाले कर्जा विस्तारमा विकेन्द्रीकरण आवश्यक रहेको बताउनुभयो ।

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**

## विश्व समाचार

### अफ्रिकी नेताद्वारा नाइजरमाथि प्रतिबन्ध लगाउने तयारी

अबुजा, १४ साउन (रासस/एएफपी) ।

पश्चिम अफ्रिकी नेताहरूले नाइजरमा विकसित पछिल्लो घटनाक्रमलाई लिएर चिन्ता व्यक्त गर्दै अपदस्थ निर्वाचित राष्ट्रपति मोहम्मद बाजुमलाई पुनःस्थापना नगरे नेजामेविरुद्ध नाकाबन्दी गर्ने तयारी गरेका छन् ।

गत बुधबार नाइजरका निर्वाचित राष्ट्रपति मोहम्मद बाजुमलाई अपदस्थ गरी देशको शासन व्यवस्था आफूले सञ्चालन गर्ने घोषणा राष्ट्रपतिका सुरक्षा प्रमुख जनरल अब्दुरहमाने टियानीले गरेपछि हुन लागेको पश्चिम अफ्रिकी नेताहरूको असाधारण शिखर सम्मेलनले नाइजरमा लोकतन्त्र बहालीका निम्ति नेजामेविरुद्ध नाकाबन्दी लगाउने तयारी गरेका हुन् । साहेल क्षेत्रमा भएको सैन्य विद्रोहका विरुद्ध रहेका उनीहरूले प्रतिबन्धको घोषणा गर्ने सम्भावना बढेको गएको बताइएको छ ।

लामो समयसम्म नाइजरलाई आफ्नो उपनिवेश बनाएको फ्रान्सले विद्रोहीहरूलाई अस्वीकार गर्दै वैधानिक राष्ट्रपति बाजुमलाई पुनःस्थापना गर्न माग गरेको छ । उसले नाइजरलाई प्रदान गरिने सुरक्षा र आर्थिक सहयोग निलम्बन भएको घोषणा पनि गरेको छ । त्यसैगरी युरोपेली सङ्घले पनि सबैखाले सहयोग रोकिएको बताएको छ ।

अफ्रिकी सङ्घले दुई साताभित्र संवैधानिक सरकार बहाल गर्न नाइजरका जनरलसँग माग गरेको छ । पश्चिम अफ्रिकी राष्ट्रहरूको आर्थिक समुदायले पनि त्यस्तै गर्ने विश्वास गरिएको छ ।

उक्त समुदाय र अन्तर्राष्ट्रिय जगत्ले लोकतन्त्रको रक्षा गर्न तथा यस क्षेत्रमा लोकतान्त्रिक शासन व्यवस्थालाई सुदृढ बनाउन हरसम्भव प्रयास गर्ने नाइजेरियाका राष्ट्रपति एवम् पश्चिम अफ्रिकी राष्ट्रहरूको आर्थिक समुदायका अध्यक्ष बोला टिनुबुले एक विज्ञप्ति निकालेर बताउनुभएको छ । नाइजरमाथि प्रतिबन्ध लगाउने अधिकार उक्त समुदायमा निहित छ । पन्ध्र सदस्यीय समुदायको  नाइजर पनि एक सदस्य हो ।

आइतवारको अबुजामा समुदायको बैठक हुनुअघि अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले नाइजरको अवस्थाप्रति गहिरो चासो व्यक्त गर्दै राष्ट्रपति टिनुबुसँगको टेलिफोन वार्तामा त्यहाँ संवैधानिक व्यवस्था पुनःस्थापना गर्न राष्ट्रपति टिनुबुको निरन्तर प्रयासमा अमेरिकाले सघाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । नाइजरका छिमेकी माली र बुर्किना फासोले २०२० यता दुईवटा असफल सैन्य विद्रोह झेलिसकेका छन् । इस्लामिक स्टेट समूह र अल-कायदासँग सम्बन्धित जिहादीद्वारा लामो समयदेखि चलिरहेको विद्रोह अन्त्य गर्न असफल भएकोमा दुवै देशका नागरिक क्रुद्ध भएका छन् ।

जनरल टियानीले पनि जहादीहरूद्वारा लामो समयदेखि चलिरहेको विद्रोह अन्त्य गर्न असफल भएको, भ्रष्टाचार र आर्थिक समस्या बढेका तथा सुरक्षा व्यवस्थामा भएको ह्रासलाई सम्बोधन गर्न सत्ता हातमा लिएको बताएका छन् । अफ्रिकी सङ्घ तथा अन्य अन्तरराष्ट्रिय संस्था, नाइजरका सहयोगी जर्मनी संयुक्त राज्य अमेरिका, युरोपेली सङ्घ, फ्रान्सलगायत देशका साथै संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सैन्य विद्रोहको निन्दा गर्दै राष्ट्रपति बाजुमलाई अविलम्ब रिहा गर्न आह्वान गरेका छन् ।

भूपरिवेष्टित राष्ट्र नाइजर विश्वकै निर्धनतम राष्ट्रमध्येको एक हो । सन् १९६० मा फ्रान्सबाट स्वतन्त्र भएपछि चारपटक यस्ता विद्रोह भइसकेका छन् । राष्ट्रपति बाजुमविरुद्ध पनि दुई पटक विद्रोह भएको छ ।

### मणिपुरमा निःशर्त शान्ति स्थापना हुनुपर्नेमा जोड

इम्फाल (मणिपुर), १४ साउन (रासस/एएनआई) ।

जातीयद्वन्द्व र हिंसाका कारण आक्रान्त भएको भारतको उत्तरपूर्वी राज्य मणिपुरको वास्तविक वस्तुस्थितिबारे जानकारी लिन  तथा शान्ति सुव्यवस्था बहालीका निम्ति सम्बद्ध पक्षलाई आह्वान गर्न भारतीय राष्ट्रिय विकास समावेशी गठबन्धन ( आइएनडिआईए) आवद्ध विपक्षी नेताहरूको एक प्रतिनिधिमण्डल राज्यको राजधानी इम्फाल आएको छ ।

विपक्षी गठबन्धनमा आबद्ध २१ सदस्यीय प्रतिनिधिमण्डलले आइतबार मणिपुरका गभर्नर अनुसुया उइकेलाई राजभवनमा भेटेर राज्यमा शान्ति स्थापना गर्न राज्यपाललाई अनुरोध गर्ने भएको छ । प्रतिनिधिमण्डलले राज्यमा शान्तिसुव्यवस्था कायम विशेष प्रयास गर्नुपर्नेमा जोड दिँदै राज्यपाललाई ज्ञापनपत्र पनि हस्तान्तरण गर्ने कार्यक्रम रहेको राष्ट्रिय जनता दलका सांसद मनोज झाले बताएका छन् ।

जतिसक्दो चाँडो शान्ति स्थापना गर्न आग्रह गर्न तथा प्रधानमन्त्री नरेन्द्र मोदी र गृहमन्त्री अमित शाहलाई राज्यको वास्तविक वस्तुस्थितिबारे जानकारी गराउन राज्यपाललाई अनुरोध गर्ने उनले बताए । जातीय हिंसाबाट विस्थापित भएका मानिस राखिएका चार वटा  शिविरको भ्रमणपछि पत्रकार सम्मेलनमा प्रतिनिधिमण्डलका सदस्यहरुले केन्द्रसँग छलफल गरी शान्ति स्थापनाका लागि सुझाव र सल्लाह दिन तयार रहेको बताए ।

द्वन्द्वग्रस्त राज्यमा यस्तै टोली नपठाएकोमा भारतीय जनता पार्टी नेतृत्वको केन्द्र सरकारको आलोचना गर्दै विपक्षी नेताहरूले आह्वान गरेको खण्डमा आफूहरू खुशीसाथ प्रधानमन्त्री नरेन्द्र मोदीका सर्वदलीय प्रतिनिधिमण्डलमा सामेल हुने विपक्षी सांसदले बताए । मणिपुरमा निःशर्त शान्ति स्थापना हुनुपर्नेमा उनीहरूको जोड छ ।

# एमालेद्वारा संसदीय समितिको पूर्णता माग

काठमाडौँ, १४ साउन (रासस)। सांसद एवं प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले)का सचिव योगेश भट्टराईले संसदीय समितिलाई अझै पूर्णताको माग गर्नुभएको छ। सङ्घीय संसद् प्रतिनिधिसभा अन्तर्गतको सार्वजनिक लेखा समितिको आइतबारको बैठकमा एमाले सचिव भट्टराईले संसदीय समितिले पूर्णता नपाएसम्म एमाले समितिका आगामी बैठकमा सहभागी नहुने स्पष्ट पार्नुभयो।

संसदीय प्रक्रियाअनुसार संसद् र समितिहरु चल्न नसकेको भन्दै उहाँले गठबन्धनका कारण समितिहरुले पूर्णता पाउन नसकेको दाबी गर्नुभयो। "सत्तारुढ गठबन्धनका कारण सिर्जना भएको समस्याको भारी प्रतिपक्षले बोक्न चाहन्न", उहाँले भन्नुभयो, "संसदीय प्रक्रियाअनुसार समितिले पूर्णता नपाए सम्भवत हामी समितिका यसपछिका कुनै पनि बैठकमा उपस्थित हुँदैनौं। सभापतिलाई यसबारे अग्रिम जानकारी गराउन चाहन्छौँ।"

संसद् प्रभावकारीरुपमा चल्न नसक्दा मुलुकको राष्ट्रिय एकताको प्रतीक संसद् र संविधान बन्न नसकेको उहाँले जिकिर गर्नुभयो। "प्रतिपक्षी दल एमालेले कुनै भागबन्डा मागेको छैन। यद्यपि लेखा समितिको सभापति प्रतिपक्षले पाउनुपर्ने अभ्यास छ। गठबन्धनले यो पनि दिन चाहँदैन भने हामीलाई चाहिँदैन। तर संसदीय प्रक्रिया पूरा गरेर अघि बढ्नुपर्छ", उहाँले भन्नुभयो। समितिले काम सुरु गरेको तीन महिनासम्म पनि सभापति चयन हुन नसक्नु राम्रो नभएको उहाँको भनाइ छ।

बैठकमा राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन र राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद मनिष झाले पनि संसदीय समितिहरुले चाँडो पूर्णता पाउनुपर्ने बताउनुभयो। ज्येष्ठ सदस्यका रुपमा समितिको सभापतित्व गरिरहनुभएका अर्जुननरसिंह केसीले यस विषयमा समितिको गम्भीर ध्यानाकर्षण भएको बताउनुभयो।

समितिको आइतबारको बैठकले सार्वजनिक लेखा समिति सञ्चालन कार्यविधि, २०८० पारित गरेको छ। उक्त कार्यविधिको मस्यौदामाथिको छलफल पनि समितिको आइतबारको बैठकमा चलेको थियो। कार्यविधि मस्यौदा तयार पार्नका लागि समिति सदस्य राजन केसी संयोजकत्वमा एक उपसमितिले बनाइएको छ।

# काठमाडौं-रक्सौल रेलमार्गको रुट तय

**दैनिक समाचारदाता**
**काठमाडौं, १४ साउन।**

नेपाल-भारत अन्तरदेशीय काठमाडौं-रक्सौल रेलमार्गको रुट तय भएको छ। भारतीय पक्षले रेलमार्गको अध्ययन गरेर नेपाल सरकारलाई बुझाएको प्रतिवेदनमा रुट समावेश भएको छ।

रेल विभागका प्रवक्ता एवम् सिनियर डिभिजनल इन्जिनियर अनिलकुमार चित्रकारका अनुसार फाइनल प्रतिवेदन अनुसार उक्त रेलमार्गको रुट रक्सौलबाट काठमाडौंसम्म तय भएको छ।

उहाँका अनुसार रक्सौलदेखि पर्साको वीरगञ्ज, बेलुवा, बाराको मनहर्वा, सपही बजार, निजगढ, मकवानपुरको धियाल, शिखरपुर, सिस्नेरी हुँदै रेलमार्ग काठमाडौंको सतिखेल भएर खोकनासम्म ल्याउन प्रस्ताव गरिएको छ।

प्रारम्भिक चरणमा १३६ किलोमिटर लामो रेलमार्ग निर्माण हुने अनुमान गरिएकोमा अहिले अन्तिम प्रतिवेदनमा १४० किलोमिटर लामो हुने भएको छ।

विभागका प्रवक्ता चित्रकारले भन्नुभयो,"पहिले प्रारम्भिक रिपोर्ट अनुसार यस आयोजनाको लम्बाइ १३६ किलोमिटर हुने अनुमान थियो। निजगढ विमानस्थल बन्ने भएपछि टाढाबाट लानुपर्ने भएका कारण लम्बाइ १४० किलोमिटर हुने प्रतिवेदनमा उल्लेख छ।"

२०७६ सालमा यस आयोजनाको पूर्व सम्भाव्यता अध्ययन भएको थियो।

# भ्रष्टाचारका अन्य फाइल खुल्छन्, यो राजनीतिक स्टन्ट होइन : प्रधानमन्त्री

काठमाडौँ १४ साउन (रासस)। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले भ्रष्टाचार, बेथिति र तस्करीविरुद्ध सरकारले चालेको अभियान आवेग र राजनीतिक स्टन्ट नभएको बताउनुभएको छ।

समाजवादी मोर्चामा आबद्ध घटकका विद्यार्थी सङ्गठनको मोर्चा घोषणासभालाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले भन्नुभयो, "राज्यको सम्पत्ति व्यक्तिले दोहन गर्नेविरुद्ध अभियान थालिएको छ। तस्करीविरुद्ध जेहाद छेडिएको छ। यो कदम रोकिनेवाला छैन। अझै अगाडि बढ्छ। यो लडाइँ जित्नैपर्छ। यो आवेग र राजनीतिक स्टन्टको कुरा पनि होइन। नेपाली जनताको हितका लागि गरिएको हो।"

भ्रष्टाचारका अरु धेरै फाइल खुल्ने प्रधानमन्त्री दाहालले बताउनुभयो। एक्लै प्रधानमन्त्री र सरकारले जित्ने लडाइँ नभएकाले त्यसमा जनताको साथ र समर्थन जरुरी रहेको उहाँले स्पष्ट पार्नुभयो। प्रधानमन्त्री दाहालले भन्नुभयो, "यसमा समाजवादी मोर्चाको समर्थन चाहिएको छ। हेर्दै जानुहोला अरु फाइल खुल्दै जानेछन्। त्यतिबेला तपाईंहरुको समर्थन चाहिन्छ। एक्लै प्रधानमन्त्री र सरकारले जित्ने लडाइँ होइन, जनस्तरको समर्थन पाएर हामी यो ब्याटल जित्ने छौँ।" अहिलेका अभियान बेपत्ता, घाइते र अपाङ्गको सपना साकार गर्ने लडाईका रुपमा उहाँले चित्रण गर्नुभयो।

**सङ्घीय शिक्षा विधेयक मङ्गलबार संसदमा**

प्रधानमन्त्री दाहालले सङ्घीय शिक्षा विधेयक आगामी मङ्गलबार सदनमा पेस गरिने जानकारी दिनुभयो। मन्त्रिपरिषद्को बैठकले सो विधेयक पारित गरेर सदनमा पेस गर्ने र शिक्षा क्षेत्रमा सुधारका लागि नयाँ मार्ग तय गरिने उहाँले उल्लेख गर्नुभयो। सो विधेयकले शिक्षा क्षेत्रमा देखिएका धेरै समस्याको समाधान गर्ने प्रधानमन्त्री दाहालको विश्वास छ।

यस्तै, त्रिभुवन विश्वविद्यालय शिक्षा आयोगका अध्यक्षलगायत अन्य विश्वविद्यालयमा खाली रहेका पदाधिकारीको पनि छिट्टै पदपूर्ति गरिने प्रधानमन्त्री दाहालले बताउनुभयो।

**उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदन खोजी भइरहेको छ**

प्रधानमन्त्री दाहालले उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदन खोजी भइरहेको बताउनुभयो। तत्कालीन नेकपा नेतृत्वको सरकारको समयमा तयार भएको सो प्रतिवेदन सार्वजनिक भएको छैन। तत्कालीन पार्टीको बहुमत सदस्य सार्वजनिक गरी कार्यान्वयन गर्न तयार भए पनि तत्कालीन प्रधानमन्त्री तयार नभएको उहाँले बताउनुभयो।

प्रधानमन्त्री दाहालले सो प्रतिवेदनको खोजी भइरहेको उल्लेख गर्नुभयो। आफू प्रधानमन्त्री भएपछि लगातार त्यसको खोजी गरिरहेको भए पनि नभेटिएको उहाँको भनाइ छ। आफूले तत्कालीन शिक्षामन्त्री गिरिराजमणि पोखरेलसँग पनि सो प्रतिवेदनबारे चासो राखेको बताउनुभयो। उहाँले (पोखरेल)ले एकप्रति पनि नराखी बुझाएको जानकारी दिनुभएको प्रधानमन्त्री दाहालको भनाइ छ।

शान्तिपूर्ण र सशस्त्र सङ्घर्षबाट ठूलो राजनीतिक परिवर्तन गरेको र शिक्षा, स्वास्थ्य, रोजगारी र खाद्य अधिकारजस्ता विषयलाई मौलिकरुपमा स्थापित गर्नुपर्छ भनेर संविधानमा लिपिबद्ध गरिएको जानकारी दिँदै प्रधानमन्त्री दाहालले संविधान प्रदत्त समाजवादलाई व्यावहारिकरुपमा कार्यान्वयनको सुरुआत गरिने बताउनुभयो।

शिक्षा क्षेत्रमा समाजवादको भ्रूण स्थापना गर्ने तयारीका साथ सरकारले केही महत्वपूर्ण काम अगाडि बढाउन लागेकोसमेत उहाँले जानकारी दिनुभयो। समाजवादी मोर्चा बनेपछि पनि अनेकन खालका भ्रम सिर्जना गर्ने र नेताहरुकाबीचमा फाटो पार्ने अनेकन कोशिस भइरहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले ती सबै षड्यन्त्रलाई पराजित गरेर अगाडि बढ्न नेतृत्व पङ्क्ति तयार रहेको बताउनुभयो।

# गैरसरकारी संस्था नवीकरणलाई सहज बनाउन आग्रह

काठमाडौँ, १४ साउन (रासस)। सङ्घीय संसद्, प्रतिनिधिसभाका सांसदहरूले गैरसरकारी संस्था नवीकरणलाई सहज बनाउन समाज कल्याण परिषद्‌लाई आग्रह गर्नुभएको छ।

प्रतिनिधिसभा, महिला तथा सामाजिक मामिला समितिको आइतबारको बैठकमा सांसदहरूले गैरसरकारी संस्थाको नवीकरण अत्यन्त झन्झटिलो भएको गुनासोहरू आइरहेको बताउँदै त्यसलाई अत्यन्त सहज बनाउन आग्रह गर्नुभएको हो।

समितिका सदस्य लक्ष्मी तिवारीले संस्था नवीकरणमा समस्या देखिएको र झन्झटिलो रहेको भन्दै परिषद्ले नवीकरणलाई सहज बनाउनुपर्ने र संस्थाहरूको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने बताउनुभयो।

सांसद कल्पना मियाँ कुसारीले अहिलेसम्म नेपालका सरकारी/गैरसरकारी संस्थाहरूको अवस्थाबारे परिषद्ले अनुगमन गर्नुपर्नेमा जोड दिनुभयो। सांसद अनिता देवीले मधेस प्रदेशमा सरकारी/गैरसरकारी संस्थाहरूको क्रियाकलाप थाहा हुनुपर्ने बताउनुभयो। समिति सदस्य शान्ति विकले सरकारी/गैरसरकारी संस्थाहरूले विभिन्न दातृ निकायबाट पैसा लिएर कार्यक्रमहरू गरे तापनि लक्षित समुदायसम्म पुग्न नसकेको टिप्पणी गर्नुभयो।

समितिका अर्का सदस्य शान्ति श्रेष्ठले गैरसरकारी संस्थाले परियोजनामार्फत कार्यक्रम सम्पन्न गरेपछि परिषद्ले अनुगमन गर्नुपर्ने धारणा राख्नुभयो। परिषद्‌द्वारा सञ्चालित भृकुटीमण्डपको छाप्रो (हङ्ङ बजार) लाई थप सुधार गरेर व्यवस्थित गर्नुपर्ने उहाँको भनाइ थियो।

सांसद सरस्वती बजिमयले परिषद्ले सीपमूलक कार्यक्रममा जोड दिनुपर्ने बताउनुभयो। समिति सदस्य मञ्जु शर्मा अन्सारीले गैरसरकारी संस्थाहरू उपलब्धिहीन भएको बताउनुभयो। सांसद हितबहादुर तामाङ, हर्कमाया विश्वकर्मा र सीताकुमारी रानाले परिषद्मा आबद्ध नभई सञ्चालित संस्थाका बारेमा समेत परिषद्ले अनुगमन गर्नुपर्नेमा जोड दिनुभयो।

समितिका ज्येष्ठ सदस्य तथा समिति सभापति रोशनी कार्कीले समितिको अर्को बैठकमा परिषद्का अध्यक्ष तथा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री र परिषद्का उपाध्यक्ष समेतलाई आमन्त्रण गरी छलफल गर्ने अझ बृहत् छलफल गर्ने जानकारी दिनुभयो।


## सप्तरी क्रिकेट संघको सुचना !

सप्तरी क्रिकेट सँघको आबद्ध सम्पूर्ण सदस्यहरूमा सुचित गरिन्छ, कि नेपाल क्रिकेट संघको केन्द्रीय सर्कुलर अनुसार साउन मसान्त भित्र जिल्ला अधिवेशन गर्नुपर्ने भएकोले सो अधिवेशनवाट १५ सदस्य कार्यसमिति समेत चयन गर्नुपर्ने भएकोले तपसिलका मिति, समय र स्थानमा उपस्थित भई उक्त साधारण सभालाई सफल बनाई दिन हुन सम्बन्धित सबैमा यसै सुचनाद्वारा अनुरोध गरिन्छ।

**तपसिल**
मिति : २०८० श्रावण २२ गते सोमवार
समय : दिनको ११ बजेवाट
स्थान : नेपाल पत्रकार महासँघ सप्तरी शाखाको सभा कक्ष।

**प्रार्थी**
सप्तरी क्रिकेट संघ, सप्तरी
राजबिराज



**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराइड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हुलाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७


## बाढी/पहिरोबाट सतर्क रहौं।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु–क्षयबाट बचौं र बचाऔं।

**जनहीतका लागि : राजविराज दैनिक**

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np